# तिरहुत गाउँपालिका
Tirahut Rural Municipality

# गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive

गोईठी, सप्तरी
Goithi, Saptari
मधेश प्रदेश, नेपाल
Madhesh Province, Nepal

Website:www.tirahutmun.gov.np
Email: info@tirahutmun.gov.np
Contact No: 9852860107


पत्र संख्या : २०८३/०८४
चलानी नं. :

मिति : २०८३।०४।१९

**विषयः दिर्घ रोगको लागी औषधि उपचार खर्च पाईरहेका लाभग्राहीलाई विवरण अध्यावधिक/नविकरण सम्बन्धी अत्यन्त जरुरी सूचना ।**

प्रस्तुत विषयमा यस तिरहुत गाउँपालिकाको ५ वटै वडाका स्थायी रुपमा बसोवास गरिरहेका मुगौला प्रत्यारोपन गरेका,डायलाईसिस गरिरहेका,क्यान्सर रोगी र मेरुदण्डको पक्षघातका विरामीलाई औषधी उपचार वापत खर्च मासिक रु ५०००। उपलब्ध गराउने सम्वन्धि कार्यविधि २०७८ बमोजिम यस पालिकावाट आ.व. २०८२/०८३ मा कडा रोग( मुगौला प्रत्यारोपन गरेका,डायलाईसिस गरिरहेका,क्यान्सर रोगी र मेरुदण्डको पक्षघात) भएका लाभग्राहीलाई तपशिल वमोजिमको कागजात सहित २०८३ भाद्र १५गते सम्ममा वडा कार्यालय मार्फत स्वास्थ्य शाखामा विवरण अध्यावधिक/नविकरण गर्नको लागी समन्वय गरी दिनु हुन अनुरोध छ ।

पुनश्चः विवरण अध्यावधिक/नविकरण नभएका लाभग्राहीहरुको आ.व. २०८३/०८४ मा उपचार खर्च पाउने सुचीवाट हटाइने व्योहोरा समेत जानकारीको लागी अनुरोध छ ।

तपशिल

१.हालसम्म माथि उल्लेखित रोगको नियमित उपचारमा रहेको सम्वन्धमा समवन्धित वडा कार्यालयको सिफारिश। बिरामीले नेपाल सरकारको कुनै पनि अन्य सुविधा लिए /नलिएको) पत्र ।
२.हाल सम्म निरन्तर उपचार गरिरहेको फलोअप परिक्षण गरेको बिरामी पुर्जा र रिर्पोटहरुको प्रतिलिपि लगायत अन्य कागजातहरु ।
३.विवरण अध्यावधिक/नविकरण गरिदिने सम्वन्धमा कार्यालयको नाममा लिखित निवेदन ।
४. नेपाल मेडिकल काउन्सिलमा दर्ता भएका सम्वन्धीत रोगको विशेषज्ञ चिकित्सकबाट प्रमाणित /सिफरिश गरेको अनुसुची-१ ।
५.अनुसुची २ वडावाट प्रमाणित ।
६.नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलीपि/बच्चाको हकमा जन्मदर्ताको प्रतिलिपि ।

अवगतार्थ
श्री गाउँपालिका अध्यक्ष ज्यु ।
श्री गाउँपालिका उपाध्यक्ष ज्यु ।

प्रमुख प्रशासकिय अधिकृत
ई.दिनेश कुमार मांझी
नि.प्रमुख प्रशासकीय अधिकृत